gkfn /fi^ a+s
s]blo sfofno
ljbzL ljlgdo Joj:yfkg ljefu

इ.प्रा.परिपत्र संख्या-५३१ मितिः २०६७/३/४

**श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था र मनिचेञ्जरहरु ।**

**विषयः भारतीय रुपैयाँको कारोवार बारे ।**

महाशय,

भारतीय रुपैयाँको कारोबार सम्बन्धमा यस बैंकबाट मिति २०६६/१२/२९ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५२५ मा देहाएबमोजिमको संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**(क) परिपत्रको दफा १ का खण्डहरुमा देहाएबमोजिम संशोधन गरिएको छ :-**

१. खण्ड (ख) को अन्त्यमा "अग्रिम भुक्तानी रकमबाट पटके ढुवानी (Partial Shipment) को माध्यमबाट आयात हुने भएमा सम्बन्धित आयातकर्ताको निवेदन बमोजिम पटके ढुवानी हुने रकम सम्मको वि.वि.नि.फा.नं ४(ग) समेत जारी गर्न सकिनेछ ।" भन्ने वाक्य थप गरिएको छ ।

२. खण्ड (च) मा रहेका व्यवस्थाहरुमा देहाए बमोजिम संशोधन गरिएको छ :-

(क) उपखण्ड (१) को अन्त्यमा "वा सम्बन्धित पक्षले बिल बिजकको नम्बर र रकम समेत उल्लेख गरी भुक्तानी दावी गरेको पत्र" भन्ने वाक्यांश थप गरिएको छ ।

(ख) सो खण्डको अन्तिम अनुच्छेदको सट्टा देहाएको अनुच्छेद राखिएको छ :-

"यसरी सटही प्रदान गरेपछि प्रज्ञापनपत्र र राजश्व तिरेको रसीद लगायतका सक्कल कागजातहरुमा सटही प्रदान गरेको व्यहोरा दरपीठ गरी बैंक/वित्तीय संस्थाको छाप लगाई ती कागजातका प्रतिलिपिहरु राख्नु पर्नेछ ।"

३. खण्ड (छ) को अन्त्यमा "तर त्यस्तो आयातमा भंसार धरौटी लिन भने अनिवार्य हुने छैन । "भन्ने वाक्य थप गरिएको छ ।

४. खण्ड (ज) मा भएको व्यवस्था खारेज गरी देहाएको बमोजिमको खण्ड (ज) राखिएको छ ।

(ज) तेश्रो मुलुक तथा भारतबाट मालसामान आयात गर्ने क्रममा क्लियरिङ्ग, फर्वाडिङ्ग, ढुवानी, भाडा भरौट आदिको लागि भुक्तानी गर्नु पर्ने पक्षको आधिकारिक निबेदन साथ देहायका कागजातका आधारमा सटही सुबिधा प्रदान गर्न सकिने छ :-

(१) आयातकर्ता आफैले त्यस्तो खर्चको भुक्तानी नगर्ने भएमा एजेन्टलाई काम सुम्पिएको व्यहोरा खुल्ने कागजात ।
(२) कार्गो, क्लियरिङ्ग /फर्वाडिङ्ग एजेन्सीबाट सम्बन्धित पक्षको नाममा जारी भएको रकम र प्रयोजन खुलेको बील बिजक ।
(३) ढुवानी सम्बन्धी कागजात (बि.एल. एच.बि.एल, कन्साइन्मेण्ट नोट, एल.आर., आर.आर, सि.टी.डी, आदि) को प्रतिलिपि ।
(४) निर्यातकर्ताले आयातकर्ताको नाममा जारी गरेको आयात हुने मालसामानको मूल्य र मूल्य आधार तथा स्थान (सि.आई.एफ., एफ.ओ.बि., आदि) खुलेको प्रोर्फमा वा कमर्सियल इन्भ्वाईस वा अन्य कागजात ।
(५) आयातकर्ता आफैले भुक्तानी गर्ने भएमा आयात भएको पुष्टी हुने भन्सार प्रज्ञापनपत्र र राजश्व तिरेको रसीदको प्रतिलपि ।
(६) मालसामान आयातको लागि जारी भएको प्रतीतपत्र वा ड्राफ्ट टि.टि. को प्रतिलिपि र क्रेडिट सुविधामा आयात हुने भएमा सो व्यहोरा खुल्ने कागजात वा आयातकर्ताको स्वघोषणा ।

६. खण्ड (झ) मा रहेको व्यवस्था खारेज गरिएको छ ।

७. खण्ड (ञ) मा रहेको व्यवस्था खारेज गरी देहायको खण्ड (ञ) राखिएको छ ।

(ञ) तेश्रो मुलुकमा सामान निर्यात गर्दा ढुवानी/क्लियरिङ्ग/ फर्वार्डिङ्ग आदिको लागि सम्बन्धित पक्षको आधिकारिक निवेदन साथ देहायका कागजात लिई सटही सुविधा प्रदान गर्न सकिने छ ।

(१) एजेन्ट मार्फत गर्ने भएमा सम्बन्धित एजेन्टलाईं काम सुम्पिएको व्यहोरा खुल्ने कागजात ।
(२) एजेन्सीबाट सम्बन्धित पक्षको नाममा जारी भएको बिल बिजक वा अन्य कागजात ।
(३) सामान निकासी भएको प्रमाणित हुने भन्सार प्रंज्ञापनपत्र र राजश्व तिरेको रसीद ।
(४) ढुवानी सम्बन्धी कागजातको प्रतिलिपि ।

(५) निर्यातकर्ताले जारी गरेको निर्यात हुने मालसामानको मूल्य आधार तथा स्थान (सि.आई.एफ, एफ.ओ. बि आदि ) खुलेको प्रोफर्मा वा कमर्सियल इन्भ्वाइस वा अन्य कागजातको प्रतिलिपि ।

८. खण्ड (ठ) मा रहेको व्यवस्थाको सुरुमा "यस परिपत्रमा स्पष्ट उल्लेख भएका सेवा सुविधा बाहेक भन्ने" वाक्यांश थप गरिएको छ ।

**(ख) परिपत्रको दफा ५ र सो अन्तरगतका खण्डहरुमा देहाय बमोजिम संशोधन गरिएको छ ।**

१. दफा ५ को सुरुको अनुच्छेदमा रहेको व्यवस्था खारेज गरी देहायको व्यवस्था राखिएको छ ।

"भारतमा भ्रमण, अध्ययन, औषधोपचार, तिर्थयात्रा आदि लगायत व्यवहारिक प्रयोजनका विविध काममा जानेहरु र गई बसेका परिवार, आफन्तलाई पठाउने प्रयोजनको लागि नगद/ड्राफ्ट/टि.टि/मे.ट्रा/यात्रुचेक/ विविध किसिमका कार्ड आदिको माध्यमबाट सटही प्रदान गर्दा सम्बन्धित व्यक्तिसँग संलग्न वि.वि.नि.भा.रु. फा.नं. ६ को नमूना बमोजिमको निवेदनको आधारमा तल उल्लेखित व्यबस्था बमोजिम सटही प्रदान गर्नु पर्नेछ ।"

२. खण्ड (ङ) मा रहेको व्यवस्था खारेज गरी देहायको खण्ड (ङ)राखिएको छ :-

(ङ) यस दफामा अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनि क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड, ए.टि.एम. कार्ड, आदिका माध्यमबाट सटही प्रदान गर्दा देहाय बमोजिम गर्न सकिनेछ ।

(१) एक पटकमा बढीमा भा.रु. २५ हजार र प्रति महिना भा.रु. २ लाख सम्म मात्र नगद झिक्न सकिने ।
(२) आवश्यक कागजातको आधारमा कार्ड मार्फत थप सटही माग गर्नेको हकमा सो थप सटही रकम समेत कार्डको सीमामा थप गर्न सकिने ।
(३) बैंक, वित्तीय संस्थाले आ-आफना आन्तरिक व्यवस्था अनुरुप कार्ड जारी गर्दा देहायका शर्तहरु अनिवार्य रुपमा राख्नपर्ने ।

(क) तोकिएको सीमा र व्यवस्था बमोजिम मात्र भा.रु. खर्च गर्न पाइने ।
(ख) पूँजीगत कारोबारको लागि खर्च गर्न नपाइने ।

(ग) मालसामान खरिद तथा सेवा उपयोग बापत प्वाइण्ट अफ सेल मार्फत खर्च भएको रकमको बिल बिजक लगायत आवश्यक विवरण माग गर्न सकिने र यसरी माग भएका कागजात लगायतका विवरण कार्ड होल्डरले सम्बन्धित बैंकलाई उपलव्ध गराउनु पर्ने ।

(घ) तोकिएको सीमा शर्त र व्यवस्थाको प्रतिकूल हुने गरी खर्च गरिएको पाइएमा जारी भएको कार्डबाट कारोबार गर्न जुनसुकै बखत रोक लगाउन सकिने र यस्तो कारोबार गर्नेहरुको विवरण नेपाल राष्ट्र बैकमा उपलब्ध गराईं आवश्यक कारवाही समेत गर्न सकिने ।

(ङ) यस परिपत्र लागू हुनु भन्दा पहिले जारी भई प्रयोगमा रहेका कार्डहरुलाई तीन महिना भित्र यस व्यवस्था अनुरुप हुने गरी बैंक, वित्तीय संस्थाहरुले आफनो सिस्टममा आवश्यक परिमार्जन/परिवर्तन गरी सक्नु पर्नेछ र यस अवधि भित्र त्यस्ता कार्ड मार्फत अस्वभाविक रुपमा भा.रु. खर्च भएको देखिएमा सम्बन्धित कार्ड रद्द गरी सोको विवरण यस बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

३. खण्ड (च) मा रहेको व्यवस्था खारेज गरी देहायको खण्ड (च) राखिएको छ :-

(च) प्रचलित कानून अनुसार नेपालस्थित विभिन्न निकायमा कार्य गर्ने भारतीय नागरिकहरुले आर्जन गरेको पारिश्रमिक आयको हकमा सोको ७५ प्रतिशतसम्म र संचयकोष तथा अवकाशकोष लगायतका सुविधा रकमको हकमा पुरै रकम सम्म नियमानुसार सम्बन्धित रोजगारदाताले गरेको सिफारिश र सम्बन्धित व्यक्तिको अनुरोधमा सटही प्रदान गर्न सकिने छ ।

**(ग) परिपत्रको दफा ९ मा उल्लेखित व्यवस्था खारेज गरी देहायको व्यवस्था गरिएको छ ।**

(क) विभिन्न प्रयोजनको लागि भा.रु. खरिद बिक्रीको मासिक विवरण प्रत्येक महिना समाप्त भएको ७ दिन भित्र वि.वि.नि.भा.रु.फा.नं. ४ र ५ बमोजिम उपलब्ध गराउनु पर्ने छ ।

(ख) यस बैंकका उपत्यका बाहिरस्थित कार्यालयहरुले आफ्नो कार्यालय र आफ्नो कार्यक्षेत्र अन्तरगतका मनिचेञ्जर मार्फत भएको कारोबार विवरण एकीकृत गरी यस बैंकको बैंकिङ्ग कार्यालयलाई उपलब्ध गराउनु पर्ने छ ।

(ग) यस बैंकको बैकिङ्ग कार्यालयले उपत्यका बाहिरस्थित कार्यालयहरुले उपलब्ध गराएको तथ्यांक एकीकृत गरी यस विभागलाई उपलब्ध गराउनु पर्ने छ ।

(घ) बैक तथा वित्तीय संस्थाहरुले आफ्ना सम्पूर्ण कार्यालयहरुले गरेका कारोबारको विवरण एकीकृत गरी यस विभागलाई मासिक रुपमा उपलब्ध गराउनु पर्ने छ ।

(ङ) यस बैंकको शोधनान्तर महाशाखाको प्रयोजनको लागि उपलब्ध गराउने गरेको तथ्यांकहरु यथावत रुपमै उपलब्ध गराउनु पर्ने छ ।

(घ) **परिपत्रको दफा १ मा उल्लेखित नेपाल र भारत बीच हुने व्यापारिक कारोवारको लागि सटही व्यवस्था अन्तरगत देहाय बमोजिमका व्यबस्था सहितको खण्ड (ण) देखि (ध) सम्मका खण्डहरु थप गरिएको छ । :-**

(ण) मालसामान आयात/निर्यात गर्दा क्लियरिङ्ग, फर्वाडिङ्ग, ढुवानी आदिको लागि अग्रिम भुक्तानी गर्नु परेमा यस्तो भुक्तानी आवश्यक पर्ने प्रमाणित हुने कागजात र भुक्तानी गर्नु पर्ने पक्षले आवश्यक कागजात पछि पेश गर्ने प्रतिवद्धता सहित दिएको आधिकारिक निवेदनको आधारमा सटही प्रदान गर्न सकिनेछ । यस्तो अग्रिम भुक्तानी गएको सटहीको अभिलेख राखी सटही लिएको रकम पुष्टि हुने गरी माथि दफा १(भ) र (ञ) बमोजिमका आवश्यक कागजात समयमै पेश नगर्नेको विवरण मासिक रुपमा यस बैंकमा पठाउनु पर्नेछ ।

(त). सामान आयात वा निर्यातको सिलसिलामा पोर्ट अथोरिटी वा सो सम्बन्धी कार्य गर्ने निकायमा तिर्नु पर्ने डेमरेज (Demurrage) शुल्कको लागि सम्बन्धित आयात/निर्यातको लागि जारी भएको ढुवानी सम्बन्धी कागजातको प्रतिलिपि सो ढुवानी कागजातको नम्बर समेत उल्लेख भई सम्बन्धित निकायबाट जारी भएको बिल बिजकको आधारमा सटही प्रदान गर्न सकिनेछ ।

(थ). नेपालका आयातकर्ताहरुले भारतका विभिन्न स्थानबाट भारतीय ट्रान्सपोर्ट/कम्पनी मार्फत माल सामान ढुवानी गराउदा लाग्ने ढुवानी खर्चको लागि सम्बन्धित आयातकर्ताको निवेदन साथ ढुवानी सम्बन्धी कागजातको प्रतिलिपि बिल/ बिजक आदि लिई ढुवानी बापतको हुने रकम उपलव्ध भएसम्म नगदमै पनि दिन सकिने छ । पुरै रकम नगदमा सटही प्रदान नभई आंशिक रुपमा केही रकम नगदमा सटही प्रदान गरेको अवस्थामा बाँकी रकम अन्य माध्यमबाट सटही प्रदान गर्नु पर्दा नगद सटही प्रदान गर्ने बैंक वित्तीय संस्थाले नै सटही प्रदान गर्नु पर्नेछ ।

यसरी गरेको भुक्तानीको सटही सुविधा प्रदान गर्ने बैंक, वित्तीय संस्थाले नगद सटही प्रदान गरेपछि सो व्यहोरा पुष्टी हुने गरी ढुवानी सम्बन्धी कागजात र बिल, बिजकको सक्कल प्रतिमै दरपीठ गरी छाप लगाउने र सो दरपीठ भएको कागजातको प्रतिलिपि राख्नु पर्ने छ ।

(द) भारतमा कर्जा लिने प्रयोजन बाहेक व्यापारिक कारोवारको लागि आवश्यक पर्ने सबै किसिमका बैंक ग्यारेण्टी -परफरमेन्स वण्ड, विड वण्ड, एडभान्स पेमेन्ट ग्यारेण्टी आदि बैंक, वित्तीय संस्था आफैले जारी गर्न सक्नेछन् । तर, व्यक्तिगत निवेदक र व्यक्तिगत वेनिफिसियरी हुने भएमा कुनैपनि किसिमको बैक ग्यारेण्टी जारी गर्न पाइने छैन ।

(ध) आयातीय मालसामान भारतको विभिन्न स्थानस्थित वेयर हाउस/ गोदाममा राख्दा गरिने बीमा र भारतीय बिक्रेताले बिक्री भएको सामानको वारेन्टी स्वरुप निश्चित अवधिको लागि गरिदिने सहुलियत दरको बीमा गरे वापतको रकम सम्बन्धित बिक्रेतासँग भएको सम्झौता वा सोको आधारमा जारी भएको बिल बिजक र बिमा कम्पनीले जारी गरेको बीमा पोलिसीको प्रंतिलिपि तथा बिल बिजकको आधारमा गरिने भुक्तानको लागि आवश्यक सटही प्रदान गर्न सकिने छ ।

(ङ) **परिपत्रको दफा २ मा उल्लेखित विभिन्न निकाय/कम्पनी तथा संघ संस्थालाई प्रदान गर्ने सटही सुविधा अन्तरगत देहायको व्यवस्था सहितको खण्ड (छ) थप गरिएको छ -**

नेपालमा विधिवत दर्ता भई विविध किसिमका व्यापार व्यवसाय गर्ने व्यवसायीहरुले आफ्नो व्यवसायबाट भएको नाफा भारत पठाउन चाहेमा सम्बन्धित व्यवसायीको आधिकारिक निवेदन साथ देहायका कागजात लिई सटही प्रदान गर्न सकिने छ। :-

(क) व्यापार/ व्यवसाय दर्ता तथा कारोबार अनुमति प्रमाणपत्रको प्रतिलिपि ।
(ख) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।
(घ) सम्बन्धित व्यवसायीको पहिचान खुल्ने प्रमाणपत्रको प्रतिलिपि

(च) **इ.पां परिपत्र संख्याः ५२५ को वि.वि.नि.भा.रु. फा.नं. ४ र ५ रद्द गरी अन्य व्यवस्थाहरु यथावत राखिएको छ ।**

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थः</u>

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
निर्यात प्रबर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा, सिंहदरवार, काठमाण्डौ ।
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
११. श्री नेपाल विकास बैंक संघ ।
१२. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१३. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।

(इ.प्रा परिपत्र संख्या- ५३१ प्रयोजनको लागि)

वि.वि.नि.भा.रु. फा.नं.४

**(बैंक/वित्तीय संस्थाको नाम)**
(ठेगाना)

**मितिः २०६ / / देखि मितिः २०६ / / सम्म**
**भा.रु. खरिदको मासिक बिबरण**

**भा.रु. हजारमा**

| | दूष्य निर्यात वाहेक भा.रु. खरिद | | | | दूष्य निर्यातवाट भा.रु. खरिद | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिर्षक | सेवा | भ्रमण | निजी खर्च | अन्य | सामान बिक्री | खाद्यान्न | तेलहन | वनपैदावार | जिवित जनावर | जुट | क्त्था र कच्छ | अलैची | अन्य निकारी | जम्मा भा.रु. खरिद | कैफियत |
| न्गद | | | | | | | | | | | | | | | |
| ड्राफ्ट/ टि.टि आदि | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**नोटः-**

(इ.प्रा परिपत्र संख्या- ५३१ प्रयोजनको लागि)

वि.वि.नि.भा.रु. फा.नं.५

**(बैंक/वित्तीय संस्थाको नाम)**
**(ठेगाना)**

**मितिः २०६ /   /   देखि  मितिः २०६ /   /   सम्म**
**भा.रु. बिक्रीको मासिक बिबरण**

**भा.रु. हजारमा**

| शिर्षक | अदृश्य भुक्तानीको लागि भा.रु. विक्री | | | | | | | दृश्य पैठारीको लागि भा.रु. विक्री | | | | | | जम्मा भा.रु. बिक्री | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | स्वास्थ्य | भ्रमण | तीर्थयात्रा | निजी खर्च | सेवा शुल्क | अन्य | फुटकर आयात | क्लियरिङ्ग फरवाडिङ्ग | ढुवानी तथा भाडा भरौट | पैठारीको लागि अग्रिम भुक्तानी | आइ. वि.सी. भुक्तानी | प्रतितपत्र अन्तरगत भुक्तानी | | |
| नगद | | | | | | | | | | | | | | | |
| ड्राफ्ट /टि.टि इत्यादि | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**नोटः-**

वि.वि.नि.भा.रु.फा.नं.६

(ई.प्रा.परिपत्र संख्या ५३१ को प्रयोजनका लागि )

मिति ........................

श्री .........................बैंक
...............................शाखा ।

विषयः भारतीय रुपैयाँको सटही उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्बन्धमा मलाई .................................................प्रयोजनका लागि भारतीय रुपैयाँ ................. आवश्यक परेको हुँदा नियमानुसार सोको सटही उपलब्ध गराई दिनु यो निवेदन पेश गरेको छु ।

निवेदक,

नामः

ठेगानाः

फोन नं.:

**नोटः** भा.रु.२५,०००।- भन्दा बढीको सटही आवश्यक परेमा सम्बन्धित व्यक्तिको ना.प्रा.नं/परिचयपत्रको प्रतिलिपि र प्रयोजन खुल्ने कागजात अनिवार्यरुपमा संलग्न गर्नु पर्नेछ ।

**बैक वित्तीय संस्थाको प्रयोजनको लागि :**

सटही दिइएको रकम .............................
सटहीको माध्यमः नगद/ड्राफ्ट/टी.टी/कार्ड /अन्य
सटही दिनेको दस्तखत :...............................
सटही स्वीकृत गर्नेको दस्तखत......................